# भाग ३

## नेपाल सरकार

## महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको

## सूचना

ज्येष्ठ नागरिक सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०८१

ज्येष्ठ नागरिक सम्वन्धी नियमावली, २०६५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा ३२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "ज्येष्ठ नागरिक सम्वन्धी (पहिलो संशोधन) नियमावली, २०८१" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५ को नियम २ मा संशोधनः ज्येष्ठ नागरिक सम्वन्धी नियमावली, २०६५ (यस पछि "मूल नियमावली" भनिएको) को नियम २ को,-

(१) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः-

"(क१) "केन्द्रीय ज्येष्ठ नागरिक समिति" भन्नाले ऐनको दफा १३ बमोजिमको केन्द्रीय ज्येष्ठ नागरिक समिति सम्झनु पर्छ।"

(२) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) "मन्त्रालय" भन्नाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ।"

(३) खण्ड (ख) पछि देहायको खण्ड (ग) थपिएको छः-

"(ग) "स्थानीय ज्येष्ठ नागरिक समिति" भन्नाले ऐनको दफा १५ बमोजिमको स्थानीय ज्येष्ठ नागरिक समिति सम्झनु पर्छ।"

३. <u>मूल नियमावलीको नियम ३ मा संशोधनः</u> मूल नियमावलीको नियम ३ को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) आवश्यकता अनुसार स्थानीय ज्येष्ठ नागरिक समितिको सिफारिसमा हेरचाह केन्द्र, दिवा सेवा केन्द्र वा ज्येष्ठ नागरिक क्लब स्थापना गर्न कुनै व्यक्ति वा संस्थालाई प्रोत्साहन र सहयोग गर्ने,"

४. <u>मूल नियमावलीको नियम ५ मा संशोधन</u> : मूल नियमावलीको नियम ५ को,-

(१) खण्ड (ख) मा रहेको "जिल्लास्तरमा" भन्ने शब्दको सट्टा "स्थानीय तहमा" भन्ने शब्दहरू राखिएका छन्।

(२) खण्ड (ग) मा रहेको "जिल्लाभित्र" भन्ने शब्दको सट्टा "स्थानीय तहभित्र" भन्ने शब्दहरु राखी सोही खण्डमा रहेका "दिवा सेवा केन्द्र," भन्ने शब्दहरुपछि "सेवा केन्द्र," भन्ने शब्दहरू थपिएका छन्।

(३) खण्ड (घ) मा रहेको "जिल्लाको" भन्ने शब्दको सट्टा "स्थानीय तहको" भन्ने शब्दहरू राखिएका छन्।

(४) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) स्थानीय तहभित्रका ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा सम्बन्धी योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,"

५. <u>मूल नियमावलीमा नियम ६क. र ६ख. थप</u> : मूल नियमावलीको नियम ६ पछि देहायका नियम ६क. र ६ख. थपिएका छन्:-

"६क. <u>आयमूलक कार्यक्रम सञ्चालन गर्नेः</u> सेवा केन्द्रले ज्येष्ठ नागरिकका लागि देहाय बमोजिमका आयमूलक कार्यक्रम सञ्चालन गर्न सक्नेछः-

(क) ज्येष्ठ नागरिकसँग भएको ज्ञान, सीप र अनुभव उपयोग गरी कुनै वस्तु वा सेवा उत्पादन वा निर्माण गर्ने,

(ख) ज्येष्ठ नागरिकद्वारा लिखित वा सम्पादित लेख, रचना प्रकाशन गर्ने,

(ग) ज्येष्ठ नागरिकको क्षमता र रुची अनुसारका आय आर्जन हुने अन्य कुनै कार्यक्रम गर्ने।

६ख. <u>सेवा केन्द्रको काम, कर्तव्य र अधिकार</u> : सेवा केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) ज्येष्ठ नागरिकसँग रहेको ज्ञान, सीप र अनुभव हस्तान्तरण गर्नका लागि अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गर्ने,

(ख) ज्येष्ठ नागरिकलाई निजको दक्षता, क्षमता र रुची अनुसार अध्ययन, अनुसन्धानको काममा सहभागी गराउने,

(ग) ज्येष्ठ नागरिकलाई निजको दक्षता, क्षमता र रुची अनुसार कुनै उद्यम वा

रोजगारमा संलग्न गराउनका लागि तालिम सञ्चालन गर्ने,

(घ) उद्यम वा रोजगारीमा संलग्न हुन चाहने ज्येष्ठ नागरिकलाई निजको क्षमताको आधारमा उद्यम वा रोजगारीमा संलग्न गराउन स्थानीय तह समक्ष सिफारिस गर्ने,

(ङ) नियम ६क. बमोजिम सञ्चालित आयमूलक कार्यक्रमबाट उत्पादित वस्तु वा सेवाको बिक्री वितरणको लागि स्थानीय तहभित्रका सरकारी तथा गैरसरकारी निकायसँग आवश्यक समन्वय गर्ने,

(च) आयमूलक कार्यक्रम सञ्चालनका लागि विभिन्न सङ्घ, संस्थासँग समन्वय र सहकार्य गर्ने,

(छ) ज्येष्ठ नागरिकलाई स्वस्थ र सक्रिय जीवनयापन गर्न उत्प्रेरित गर्नको लागि योग, ध्यान वा अन्य आध्यात्मिक क्रियाकलाप तथा जीवनोपयोगी सीप सम्बन्धी तालिम सञ्चालन गर्ने,

(ज) ज्येष्ठ नागरिकको आकस्मिक स्वास्थ्योपचारको लागि आवश्यक औषधिको व्यवस्था गर्ने,

(झ) आफूले सञ्चालन गरेका काम कारवाहीको नियमित अभिलेख राखी

त्रैमासिक रुपमा स्थानीय ज्येष्ठ नागरिक समितिमा प्रतिवेदन पेस गर्ने।"

६. <u>मूल नियमावलीको नियम ८ मा संशोधन</u> : मूल नियमावलीको नियम ८ को उपनियम (१) मा रहेको "जिल्लाभित्रका" भन्ने शब्दको सट्टा "स्थानीय तहभित्रका" भन्ने शब्दहरु राखिएका छन्।

७. <u>मूल नियमावलीको नियम ९ मा संशोधन</u>: मूल नियमावलीको नियम ९ मा रहेका "ज्येष्ठ नागरिक कल्याण कोष" भन्ने शब्दहरुको सट्टा "कोष" भन्ने शब्द राखिएको छ।

८. <u>मूल नियमावलीको नियम १० मा संशोधन</u> : मूल नियमावलीको नियम १० को,-

(१) उपनियम (२) झिकिएको छ।

(२) उपनियम (३) मा रहेका "उपनियम (१) र (२)" भन्ने शब्दहरुको सट्टा "उपनियम (१)" भन्ने शब्दहरु राखी सोही उपनियममा रहेको "पूर्वाधार" भन्ने शब्दपछि ", मापदण्ड" भन्ने शब्द थपिएको छ।

(३) ठाउँ ठाउँमा रहेका "प्रमुख जिल्ला अधिकारी" भन्ने शब्दहरुको सट्टा "स्थानीय तह" भन्ने शब्दहरु राखिएका छन्।

९. <u>मूल नियमावलीको नियम ११ मा संशोधन</u> : मूल नियमावलीको नियम ११ को,-

(१) उपनियम (१) र (२) को सट्टा देहायका उपनियम (१) र (२) राखिएका छन्:-

"(१) मन्त्रालयले हेरचाह केन्द्र, दिवा सेवा केन्द्र र सेवा केन्द्रको जहिलेसुकै निरीक्षण गर्न वा गराउन सक्नेछ।

(२) केन्द्रीय ज्येष्ठ नागरिक समितिले नेपाल सरकारले स्थापना र सञ्चालन गरेका हेरचाह केन्द्र, दिवा सेवा केन्द्र र सेवा केन्द्रको वर्षको कम्तीमा एक पटक निरीक्षण गरी सोको प्रतिवेदन नेपाल सरकार समक्ष पेस गर्नु पर्नेछ।"

(२) उपनियम (२) पछि देहायका उपनियम (२क) र (२ख) थपिएका छन्:-

"(२क) स्थानीय ज्येष्ठ नागरिक समितिले स्थानीय तह वा कुनै व्यक्ति वा प्रचलित कानून बमोजिम गठन भएको सङ्घ, संस्थाले स्थापना र सञ्चालन गरेको हेरचाह केन्द्र, दिवा सेवा केन्द्र र सेवा केन्द्रको वर्षको कम्तीमा एक पटक निरीक्षण गरी सोको प्रतिवेदन स्थानीय तह समक्ष पेस गर्नु पर्नेछ।

(२ख) उपनियम (२) वा (२क) बमोजिम निरीक्षण गर्दा अन्य कुराको अतिरिक्त ऐन, यस नियमावली वा प्रचलित कानून विपरीत कुनै काम कारवाही भएको पाइएमा सो समेत निरीक्षण प्रतिवेदनमा खुलाउनु पर्नेछ।"

१०. <u>मूल नियमावलीको नियम १२ मा संशोधनः</u> मूल नियमावलीको नियम १२ को,-

(१) नियम शीर्षक र उपनियम (१) मा रहेको "पूर्वाधार" भन्ने शब्दपछि ", मापदण्ड" भन्ने शब्द थपिएको छ।

(२) उपनियम (२) झिकिएको छ।

(३) ठाउँ ठाउँमा रहेका "हेरचाह केन्द्र" भन्ने शब्दहरुपछि ", सेवा केन्द्र" भन्ने शब्दहरु थपिएका छन्।

११. **मूल नियमावलीको नियम १३ मा संशोधनः** मूल नियमावलीको नियम १३ को सट्टा देहायको नियम १३ राखिएको छः-

"१३. बेवारिसे तथा असहाय ज्येष्ठ नागरिकको विशेष संरक्षण गर्ने: (१) ऐनको दफा २१ बमोजिम बेवारिसे अवस्थामा फेला परेको वा असहाय ज्येष्ठ नागरिकलाई स्थानीय तहले स्थानीय ज्येष्ठ नागरिक समितिको समन्वयमा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहद्वारा सञ्चालित हेरचाह केन्द्र वा सेवा केन्द्र भए सो केन्द्रमा र नभए निजी वा गैर सरकारी क्षेत्रबाट सञ्चालित हेरचाह केन्द्रमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम हेरचाह केन्द्र वा सेवा केन्द्रमा राखिएको बेवारिसे ज्येष्ठ नागरिकको परिवारको सदस्य फेला परेमा त्यस्तो ज्येष्ठ नागरिकलाई निजको परिवारको जिम्मा लगाउनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम हेरचाह केन्द्र वा सेवा केन्द्रमा राखिएका ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाहको सम्बन्धमा त्यस्तो हेरचाह केन्द्र वा सेवा केन्द्रले ऐनको दफा ५ वा ८क. बमोजिम आवश्यक कारबाहीको लागि सम्बन्धित स्थानीय तहमा लेखी पठाउनु पर्नेछ।

(४) असहाय ज्येष्ठ नागरिकले समय समयमा नेपाल सरकारले तोके बमोजिमको भत्ता वा सुविधा पाउन सक्नेछन्।"

१२. **मूल नियमावलीमा नियम १७क. थपः** मूल नियमावलीको नियम १७ पछि देहायको नियम १७क. थपिएको छः-

"१७क. रकम जम्मा गर्न लगाउने: ऐनको दफा ८क. को उपदफा (१) बमोजिम ज्येष्ठ नागरिकको खातामा रकम जम्मा गर्न

लगाउँदा नियमित पारिश्रमिक वा निवृत्तिभरण पाइरहेको वा स्वरोजगार, व्यापार, व्यवसाय वा अन्य कुनै स्रोतबाट आयआर्जन गरिरहेको सन्तान वा नजिकको हकवालाबाट निजको आम्दानीको कम्तीमा दस प्रतिशत रकम मासिक रुपमा जम्मा गर्न लगाउनु पर्नेछ।

तर,-

(१) नेपाल सरकारले प्रचलित कानून बमोजिम श्रमिकका लागि निर्धारण गरेको न्यूनतम् मासिक पारिश्रमिक भन्दा कम आम्दानी भएको व्यक्तिले यस नियम बमोजिमको रकम जम्मा गर्नु पर्ने छैन।

(२) ऐनको दफा ८क. को उपदफा (५) बमोजिमको आयआर्जनबाट खान, लाउन, आधारभूत औषधि उपचार गर्न तथा अन्य आधारभूत आवश्यकता पूरा गर्न पुग्ने वार्षिक आम्दानी भएका ज्येष्ठ नागरिक बाबु आमाको लागि रकम जम्मा गर्नु पर्ने छैन।"

१३. <u>मूल नियमावलीको नियम १६ मा संशोधनः</u> मूल नियमावलीको नियम १६ को उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छः-

"(३) उपनियम (१) बमोजिम स्थापना भएको ज्येष्ठ नागरिक क्लबलाई नेपाल सरकार, सम्बन्धित प्रदेश सरकार र स्थानीय तहले रकम उपलब्ध गराउन सक्नेछन्।

तर वार्षिक लेखा परीक्षण प्रतिवेदन पेस नगर्ने ज्येष्ठ नागरिक क्लबलाई रकम उपलब्ध गराइने छैन।"

१४. <u>मूल नियमावलीको नियम १९ मा संशोधनः</u> मूल नियमावलीको नियम १९ मा रहेका "हेरचाह केन्द्र" भन्ने शब्दहरु पछि ", सेवा केन्द्र" भन्ने शब्दहरु थपिएका छन्।

१५. <u>मूल नियमावलीको अनुसूचीमा संशोधनः</u> मूल नियमावलीको अनुसूची-२ मा रहेका "र (२)" भन्ने शब्दहरु झिकी सो अनुसूचीको,-

(१) शीर्षकको सट्टा देहायको शीर्षक राखिएको छः-

"<u>हेरचाह केन्द्र, दिवा सेवा केन्द्र र सेवा केन्द्रमा हुनु पर्ने न्यूनतम पूर्वाधार, मापदण्ड तथा सुविधा</u>"

(२) क्रमसङ्ख्या (१) मा रहेको "केन्द्रमा" भन्ने शब्दको सट्टा "केन्द्र र सेवा केन्द्रमा" भन्ने शब्दहरु राखिएका छन्।

१६. <u>रूपान्तरः</u> मूल नियमावलीको ठाउँ ठाउँमा रहेका देहायका शब्दहरुको सट्टा देहायका शब्दहरु राखी रूपान्तर गरिएको छः-

(क) "केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समिति" भन्ने शब्दहरूको सट्टा "केन्द्रीय ज्येष्ठ नागरिक समिति",

(ख) "जिल्ला ज्येष्ठ नागरिक कल्याण समिति" भन्ने शब्दहरूको सट्टा "स्थानीय ज्येष्ठ नागरिक समिति"।

१७. <u>खारेजीः</u> मूल नियमावलीको नियम ६ खारेज गरिएको छ।

आज्ञाले,
दिनेश भट्टराई
नेपाल सरकारको सचिव ।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ३५।-
गो.द.ब.नं. १६।२०६२।६३